अनुसूची-२

(दफा ४ तथा अनुसूची (१) को भाग (२) सँग सम्बन्धित)

# स्थानीय सरकार

# फेटा राजपत्र

## फेटा गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १,    संख्याः १,    मितिः २०७८/०६/२१

### भाग-१

## फेटा गाउँपालिकाको कर्मचारीहरुको व्यस्थापन एवम् समायोजन ऐन, २०७८

आज्ञाले

कमलेश कुमार मिश्रा

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScan

# स्थानीय सरकार

# फेटा राजपत्र

## फेटा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १,         संख्याः १,         मितिः २०७८/०६/२१

भाग-१

## फेटा गाउँपालिका

नेपालको संविधानको (संसोधन सहित), २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम फेटा गाउँपालिकाको नवौं गाउँ सभाले बनाइ पारित गरको तपशिल अनुसार लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको ऐन नं.१

### फेटा गाउँपालिकाको कर्मचारीहरुको व्यस्थापन एवम् समायोजन ऐन, २०७८

Scanned with CamScanner

फेटा गाउँपालिका

# फेटा गाउँपालिकाको कर्मचारीहरुको व्यस्थापन एवम् समायोजन ऐन, २०७८

गाउँ सभावाट प्रमाणिकरण मितिः – २०७८/०६/२०

प्रस्तावनाः

मुलुक संघीय संरचनामा गई कर्मचारी समायोजन ऐन, २०७५ लागु भई सरकारी तथा अन्य सेवाबाट समायोजन भई निजामती सेवाका कर्मचारीहरु फेटा गाउँपालिकामा कामकाज गर्न खटीएका तर साविकको स्थानिय निकाय (गाउँ विकास समिती तथा जिल्ला विकास समिती) मा सेवा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका तथा अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी हाल फेटा गाउँपालिकामा सरुवा भइ आएका स्थायी रुपमा कार्यरत कमर्चारीहरुको हालसम्म न्यायोचित समायोजन हुन नसकेको कारण स्थानीय सेवामा प्रवेश गरी काम गरेका समग्र कर्मचारीको वृत्ति विकास नै अवरुद्ध हुन गई त्यसको असर कार्य सम्पादनमा समेत परेकोले यसको निम्ति यथोचित सम्बोधन अपरिहार्य भएको हुँदा साविकका स्थानिय निकाय (गाउँ विकास समिती तथा जिल्ला विकास समिती) मा सेवा प्रवेश गरी कार्यरत स्थायी कर्मचारी र अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी फेटा गाउँपालिकामा सरुवा र समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तह बृद्धी तथा बढुवा सम्बन्धमा कानूनी व्यवस्था गरी कर्मचारी व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गर्न वाञ्छनीय भएकोले नेपालको संविधान (संसोधन सहित), २०७२ को धारा २२६, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३, स्थानीय ट्रेड युनियनहरुसंग पटक पटक भएको वार्ता, छलफल र सुझावको मर्म र भावना तथा नेपाल सरकारको संघिय कानून, प्रदेश नं.२ सरकारको प्रादेशिक कानून र फेटा गाउँपालिकामा प्रचलनमा रहेको स्थानिय कानून अनुरुप यस गाउँपालिकामा स्थायी नियुक्ति (साविक स्थानिय निकायवाट तथा समायोजन भएका) पाई तहगत रुपमा कार्यरत कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले फेटा गाउँसभाको मिति २०७८/०६/२० गतेको बैठकबाट स्वीकृत भई जारी गरेको छ ।

## परिच्छेद-१
## नाम र परिभाषा

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "फेटा गाउँपालिकाको कर्मचारीहरुको व्यस्थापन एवम् समायोजन ऐन, २०७८" रहने छ ।

(२) यो "ऐन" तुरुन्त प्रारम्भ हुनेछ ।

(२) परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान (संसोधन सहित), २०७२ सम्झनु पर्छ ।

Scanned with CamScanner

फेटा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फेटा, बारा
प्रदेश नं. २, नेपाल
२०७३

(ख) "ऐन" भन्नाले "फेटा गाउँपालिकाको कर्मचारीहरुको व्यस्थापन एवम् समायोजन ऐन, २०७८" सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (गाउँ विकास समिति तथा जिल्ला विकास समिति) को स्वीकृत दरबन्दीमा स्थायी नियुक्ती भई यो ऐन जारी हुँदाका बखत फेटा गाउँपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले फेटा गाउँपालिको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र यस ऐन अन्तर्गत रही गाउँपालिकाले बनाएको अन्य कानूनमा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(च) "गाउँ सभा" भन्नाले फेटा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(छ) "सेवा सुविधा" भन्नाले प्रचलित कानुन बमोजिम स्थायी कर्मचारीले प्राप्त गर्ने सम्पुर्ण सेवा सुविधालाई सम्झनु पर्छ । साथै सो शब्दले सेवा निवृत्त पश्चात प्राप्त गर्ने सेवा सुविधा समेतलाई जनाउने छ ।

(ज) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुन अनुसार सेवा प्रवेश गर्दा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ । सो शब्दले तह वृद्धि हुन योग्य उम्मेदवारको लागी आवश्यक न्यूनतम शैक्षिक योग्यता समेतलाई सम्झिनु पर्ने छ ।

(झ) "प्रतिशत निर्धारण" भन्नाले स्वीकृत दरवन्दिको अधारमा गाउँपालिको माग आकृती फारमको अधारमा लोक सेवा आयोगवाट स्थायी पदपूर्तिको लागी विज्ञापन हुँदा खुल्ला, जेष्ठता तथा कार्य क्षमताको अधारमा हुने पदपूर्तिको लागी निर्धारण गरिएको प्रतिशत सम्झिनु पर्छ ।

(ञ) "तह वृद्धि" भन्नाले स्वीकृत दरवन्दिको अधारमा गाउँपालिको माग आकृती फारमको अधारमा लोक सेवा आयोगवाट स्थायी पदपूर्तिको लागी विज्ञापन हुँदा जेष्ठता तथा कार्य क्षमताको अधारमा हुने तह वृद्धिको लागी प्रतिशत निर्धारणको अधारमा योग्यता पुगेका कर्मचारीहरुको हुने तह वृद्धि सम्झिनु पर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) "स्थानीय सेवा" भन्नाले फेटा गाउँपालिकामा साविकका अन्य स्थानीय निकायमा स्थायी पदपुर्ति भई हाल सम्म कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ड) "गाउँपालिका" भन्नाले फेटा गाउँपालिकालाई सम्झनु पर्छ ।

अमिरीलाल प्रसाद
अध्यक्ष

Scanned with CamScanner

गाउँ कार्यपालिकाको कार्यालय फेटा, बारा प्रदेश नं. २, नेपाल २०७३

(ढ) "स्थानीय कानून" भन्नाले फेटा गाउँपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

-परिच्छेद- २
समायोजन मिलान सम्बन्धी व्यवस्था

(३) संगठन तथा कर्मचारी दरबन्दीः स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी पहिलो पटकको लागि नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ । तत् पश्चात भने संघीय, प्रदेश र फेटा गाउँकार्यपालिकाबाट प्रशासनिक सेवा व्यवस्था बारे भएको ऐन, कानुन, निर्देशन र स्वीकृत कार्य व्यवस्था अनुसारको संगठन तथा दरवन्दी संरचना रहनेछ ।

(४) गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको समायोजन तह मिलानः (१) साविकको स्थानीय निकाय (जिल्ला विकास समिति र गाउँ विकास समिति) को स्वीकृत दरवन्दीमा स्थायी नियुक्ती भइ यो ऐन जारी हुँदाका वखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका सबै कर्मचारीहरुलाई एक पटकको लागि देहाय बमोजिम समायोजन तह मिलान तथा ग्रेड (तलब बृद्धी) बृद्धी गरिने छ ।

| साविकको तह अवधी | अवधी (बर्ष) | समायोजन गरिने तह | विगत तीन वर्षको कार्य सम्पादनको अंक | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| सहायक स्तर चौथो | ५ बर्ष | सहायक स्तर पाँचौ | ९० प्रतिशत | प्रवेशिका वा सो सरह उतिर्ण |
| सहायक स्तर पाँचौ | ५ बर्ष | अधिकृत स्तर छेठौं | ९० प्रतिशत | प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण |
| अधिकृत स्तर छेठौं | ५ वर्ष | अधिकृत स्तर सातौं | ९० प्रतिशत | प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण |

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि उपदफा (१) बमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएको तर सोही तहको स्थायी पदमा ७ वर्ष वा सो भन्दा बढी अबधी पुरा गरेको भए एक पटकको लागि एक तह वृद्धी गरिने छ ।

(३) उपदफा (१) र (२) मा तोकिएको मापदण्डमा नपर्ने तर अविछिन्न रुपमा काम गर्ने कर्मचारीहरुको हकमा २ ग्रेड थप गरिने छ ।

(४) उपदफा (१) बमोजिम तह बृद्धी गर्दा साविकको पदमा ५ वर्ष सम्म काम गरेका कर्मचारीलाई कुनै थप सुविधा प्रदान गरिने छैन, तर साविकको पदमा ५ वर्ष भन्दा माथी काम गरेका कर्मचारीको हकमा भने

Scanned with CamScanner

५ वर्ष देखी ७ वर्ष सम्मको लागि थप एक ग्रेड ७ वर्ष देखी ९ वर्ष सम्मको लागि थप दुई ग्रेड र ९ वर्ष देखी माथी ३ ग्रेड थप सुविधा दिइ सोही अनुरुप जेष्टता समेत कायम गरिने छ ।

(५) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(६) यस दफा बमोजिम गाउँपालिका स्थानीय सेवाका कर्मचारीलाई समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड बृद्धी गरी तलब मिलान गरिनेछ ।

(७) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन ।

५. <u>समायोजन तह मिलानको पत्र दिने:</u> (१) यस ऐन बमोजिम गाउँपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि समायोजन तह मिलान (तह बृद्धी) को पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसुची –१ बमोजिमको हुनेछ ।

६. <u>पदस्थापना गरिने:</u> (१) दफा ४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(२) दफा ४ बमोजिम समायोजन तह मिलान भएका गाउँपालिका अन्तर्गत रहेका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

७. <u>समायोजन भएका कर्मचारीको सेवा सुविधा:</u> यस ऐन बमोजिम समायोजन भएका गाउँपालिकाको कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

८. <u>जेष्ठताको गणना:</u> (१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना हुनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा, सुविधा भने यो ऐन जारि भए पछि मात्र लागु हुने छ ।

९. <u>स्थायी पदपुर्ति सम्वन्धी विशेष व्यवस्था:</u> (१) साविकका स्थानीय निकाय र फेटा गाउँपालिकाको स्वीकृत दरवन्दीको अधिकृत स्तर छैठौ तह, सहायक स्तर पाँचौ र चौथो तहमा करार सेवामा नियुक्त भइ यो ऐन प्रारम्भ हुँदाका वखत सम्म अविछिन्न रुपमा कार्यरत कर्मचारीहरु बीच मात्र सोही पदमा छुट्टै आन्तरिक प्रतिस्पर्धात्मक परीक्षा संचालन गरी एकपटकको लागि स्थायी पदपूर्ति गर्न सकिनेछ ।

Scanned with CamScanner

(२) श्रेणी विहिन पदमा अविछिन्न रुपमा लगातार ५ बर्ष कार्यरत कर्मचारीहरुलाई निजले प्राप्त गरेको शैक्षिक लगायत अन्य योग्यताको प्रमाण पत्रको आधारमा आन्तरिक प्रतिस्पर्धा गराई कार्यरत तह (पद) मा स्थायी पदपूर्ति गर्न सकिने छ ।

(३) उपदफा १ र २ बमोजिमको प्रतिस्पर्धात्मक परीक्षा संचालनका लागि प्रदेश लोकसेवा आयोग प्रदेश नं. २ लाई अनुरोध गरिने छ ।

१०. स्थानीय तह कर्मचारीको समायोजन र व्यवस्थापन सम्बन्धमा संघीय सरकारले जारी गर्ने स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्डमा उल्लेखित कानूनी व्यवस्था सँग यो ऐनको व्यवस्था बाँझिएमा बाझिएको हदसम्म निस्कृय हुनेछ ।

११. <u>आवश्यक व्यवस्था मिलाउनेः</u> यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१२. <u>यसै ऐन बमोजिम हुनेः</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा लेखिएको बिषयमा यसै ऐन बमोजिम हुनेछ । अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. <u>खारेजी तथा बचाउः</u> फेटा गाउँपालिका तथा साविक स्थानिय निकायवाट कर्मचारी व्यवस्थापन एवम् समायोजन सम्वन्धि तयार पारिएको सम्पूर्ण ऐन खारेज गरिएको छ तथा सो ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

अमिरीलाल प्रसाद
अध्यक्ष

Scanned with CamScan

अनुसूची–१
दफा ५ को उपदफा (२) सँग सम्बन्धित
समायोजन (तह मिलान) पत्र

पत्र संख्या:
चलानी:

मितिः –..........................

बिषयः – समायोजन (तह मिलान) गरिएको सम्वन्धमा ।

श्री ..................................................,
.................................................. ।

फेटा गाउँपालिकाको कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको "फेटा गाउँपालिकाको कर्मचारीहरुको व्यस्थापन एवम् समायोजन ऐन, २०७८" बमोजिम मिति..............................देखि लागु हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरी समायोजन (तह मिलान) गरीएको छ । समायोजन (तह मिलान) हुनु भएकोमा बधाई छ, तपाईको उज्जवल भविष्यको कामना गर्दछु ।

तपसिलः –

| साविकको सेवा, समूह/उप-समूह तह र पदको विवरण | हाल समायोजन गरिएको सेवा, समूह/उप-समूह तह र पदको विवरण |
|---|---|
| सेवाः<br>समूह/उप-समूहः<br>तहः<br>पदः<br>कार्यालयः<br>नियुक्ति मितीः | सेवाः<br>समूह/उप-समूहः<br>तहः<br>पदः<br>कार्यालयः<br>समायोजन मितीः |

..........................................

बोधार्थः –
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्या लय, प्रदेश नं.२, जनकपुरधाम, नेपाल ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ ।
श्री आर्थिक/कर्मचारी प्रशासन महाशाखा, फेटा गाउँपालिका, बारा ।

आज्ञाले
कमलेश कुमार मिश्र
निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScan